"सुन्दर, सुखी, सुसंस्कृत र समृद्ध म्याग्दे"

आर्थिक बर्ष २०८१/०८२ को

# म्याग्दे गाउँपालिकाको
# बार्षिक बजेट

## म्याग्दे गाउँपालिका

देउराली, नुवाकोट

बागमती प्रदेश, नेपाल

**गरिमामय सभाका सदस्यज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० को व्यवस्था बमोजिम यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०८१/०८२ को आय व्ययको अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु।

२. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, पन्ध्रौं आवधिक योजना, नेपाल सरकारको आर्थिक बर्ष २०८१/०८२ को बजेट बक्तव्य, बागमती प्रदेश सरकारको आर्थिक बर्ष २०८१/०८२ को बजेट बक्तव्य, म्यागङ गाउँपालिकाको आवधिक योजना, म्यागङ गाउँपालिकाको नीति तथा कार्यक्रम तथा म्यागङ गाउँ सभाका आदरणीय सदस्यज्यूहरुबाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छ। आम नागरिक, राजनीतिक दल, विद्धतवर्ग, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु।

**गरिमामय सभाका सदस्यज्यूहरु,**

३. अब म यस चालु आ.व. को आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु।
चालु आर्थिक बर्षको कुल आय रु. ४३,७५,०५,९६९/- अनुमान गरिएकोमा संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरणको अनुदान रु. ५,२९,५०,०००/-, संघीय राजश्व बाँडफाँड तर्फ रु. ४,७७,९१,५२७ /- र प्रदेश समानिकरण अनुदान रु ६०,४५,०००/-तथा प्रदेश राजश्व बाँडफाँड तर्फ १,३९,७५,८५२/- स्थानिय राजस्व बाडफाड तर्फ रु ६,७६,७५५/- अनुमानित बैकं मौज्जात रु २,६९,००,०००/- र आन्तरिक स्रोत रु २९,००,०००/- गरी जम्मा १५,१२,३९,१३४/- (अक्षरुपी अठार करोड पच्पन्न हजार एकाउन्न रुपैयाँ) प्राप्त हुने सुनिश्चिता कम देखिन्छ।
त्यस्तै विनियोजित भएको कुल बजेटको ७५ प्रतिशत खर्च हुने देखिन्छ। जस्मा चालु तर्फ ८१ प्रतिशत र पूँजीगत तर्फ ७८ प्रतिशत खर्च हुने अनुमान छ।

**गरिमामय सभाका सदस्यज्यूहरु,**

४. अब म आर्थिक बर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्ः

क) यस गाउँपालिकाको सबलीकरण र संस्थागत सुदृढीकरण तथा सुशासन प्रवर्द्धन गर्ने,

ख) आर्थिक, सामाजिक र पूर्वाधारमा लगानी अभिवृद्धि गरी समतामुलक समाज निर्माण गर्ने,

ग) कृषि क्षेत्रका विकास मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,

घ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि दिगो आर्थिक वृद्धि हासिल गर्ने,

ङ) प्राकृतिक स्रोतको संरक्षण र उपयोग गर्ने,

च) सरकारी खर्चमा मितव्ययीता अपनाउने, आर्थिक अनुशासन कायम गर्ने र विनियोजन कुशलता सुनिश्चि गर्ने।

५. बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन्ः

क) शिक्षा क्षेत्रको विकास र गुणस्तर अभिवृद्धि,

ख) म्यागङ गाउँपालिकाको सबलीकरण र सार्वजनिक सेवा प्रवाहमा सुधार,

ग) भौतिक पूर्वाधार र समाजिक क्षेत्रको विकास,

घ) कृषि क्षेत्रको रुपान्तरण र व्यवसायीकरण,

ङ) रोजगारी अभिवृद्धि,

च) पर्यटन प्रवर्द्धन,

छ) वातावरण संरक्षण र विपद् व्यवस्थापन

**गरिमामय सभाका सदस्यज्यूहरु,**

६. अब म आगामी आर्थिक बर्षको लागि आय र व्ययको अनुमान प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आय तर्फको अनुमानः-**

आगामी आर्थिक बर्षमा गाउँपालिकाको आन्तरिक स्रोतबाट रु. **१,४०,००,०००/-** (अक्षरुपी एक करोड चालिस लाख रुपैंया मात्र) आम्दानी हुने अनुमान गरेको छु।सघिंय राजश्व बाँडफाँडबाट रु. **६,८६,००,००१/-** (अक्षरुपी छ करोड छयासी लाख एक रुपैयाँ ) संघीय समानिकरण अनुदानबाट रु. **७,१२,००,०००/-** (अक्षरुपी सात करोड बाह्र लाख रुपैंया मात्र) सघिंय बिशेष अनुदान रु **१,६०,००,०००/-** एक करोड साठी लाख रुपैंया) सघिंय शर्सत चालु रु १५,२८,३६,०००/- अक्षरुपी पन्द्र करोड अठ्ठाईस लाख छत्तिस हजार रुपैंया मात्र) संघिय शर्सत अनुदान पुजिगततर्फ रु १,९६,००,०००/- (अक्षरुपी एक करोड छयानब्बे लाख मात्र) गरि सघिंय सरकार बाट कुल रु **३२,८२,३६,००१/-** (अक्षरुपी बत्तिस करोड बयासी लाख छत्तिस हजार एक रुपैंया ) बिभिन्न शिर्षकमा बिनियोजन गरेको छु । प्रदेश समपुरक अनुदान रकम रु **२,००,००,०००/-** (अक्षरुपी दुई करोड रुपैंया मात्र) प्रदेश समानिकरण बाट रु **५९,७३,०००/-** (अक्षरुपी उनान्साठी लाख त्रिहत्तर हजार रुपैंया मात्र) प्रदेश राजश्व वाँडाफाड बाट रु **१,८९,८२,०५०/-** (अक्षरुपी एक करोड उनान्बेलाख बयासी हजार पचास रुपैया मात्र) र प्रदेश शर्सत अनुदान चालु रु ८७,७२,०००/- अक्षरुपी सतासी लाख बहत्तर हजार रुपैया मात्र) प्रदेश शर्सत पुजिगत रु १,६५,००,०००/- अक्षरुपी एक करोड पैसठी लाख रुपैया) स्थानिय राजश्व घर जग्गा रजिष्टेशन बापतको रकम रु ७,००,०००/- (अक्षरुपी सात लाख रुपैया) गरी प्रदेश सरकार बाट प्राप्त बिभिन्न श्रोतको जम्मा रकम रु. **७,८९,२७,०५०/-** (अक्षरुपी सात करोड उनानब्बे लाख सताईस हजार पचास रुपैंया) बिभिन्न शिर्षकमा बिनियोजन गरेको छु। साथै संघिस सरकार प्रदेश सरकार र स्थानिय सरकारबाट प्राप्त हुने सबै श्रोतको रकम जम्मा रु. ४२,११,६३,०५१/- (अक्षरुपी बयालीस करोड एघार लाख तिर्सठी हजार एकाउन्न रुपैयाँ) को आयको अनुमान गरेको छु।

**व्यय तर्फको अनुमानः-**

कुल बार्षिक विनियोजन मध्येबाट चालु तर्फ ६५ प्रतिशत र पूँजीगत तर्फ ३५ प्रतिशत को व्यय अनुमान गरेको छु।

**गरिमामय सभाका सदस्यज्यूहरु,**

७. अब म आगामी आर्थिक बर्षको क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सामाजिक विकास तर्फः-**

आगामी आ.व. लाई शैक्षिक सत्र सुधारको आधार बर्षको रुपमा लिएको छ। जसका लागि म्यागङको शिक्षालाई व्यवहारिक, प्रविधिमैत्री, जिवन उपयोगी बनाउन शैक्षिक गुणस्तर सुधार गर्ने विभिन्न सुचकहरुको आधारमा उत्कृष्ठ विद्यालय, उत्कृष्ठ शिक्षक र उत्कृष्ठ विद्यार्थीलाई पुरस्कृत गर्ने, निजी शिक्षक तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापन तथा विविध तालिमको सुनुश्चिता गरेको छ।यसका लागि आवश्यक बजेट विनियोजन गरेको छ। बालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि नेपाल सरकारबाट प्राप्त दिवा खाजाको रकममा प्रति विद्यार्थी दैनिक रु ५ थप दिएको छ। समग्रमा शिक्षा तर्फ रु. १२,६७,८०,०००/- (अक्षरुपी बाह्र करोड शर्सठी लाख असी हजार रुपैया मात्र) विनियोजन गरेको छ।

पैसाको आभावले कोही उपचारबाट बञ्चि नहोस् भन्ने उद्देश्यका साथ सबै स्वास्थ्य सेवाहरुबाट दिईने सेवामा विपन्न, आशय नागरिकलाई निःशूल्क गरेको छ। करिव ९८ प्रकारको औषधीहरु निःशूल्क गरेको छ। समग्रमा स्वास्थ्य तर्फ रु. ७,३०,०३,०००/- विनियोजन गरेको छ।

गाउँपालिकाको खानेपानीको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएको छ। म्यागङ गाउँपालिकाको गौरव यहाँ स्थानीय भाषा, भेषभूषा, धर्म सँस्कृति, बाजा, लोकभाका संरक्षणको लागि आवश्य बजेट विनियोजन गरेको छ। सबै उमेर समूह, क्षमता, वर्ग र लिङ्गका म्यागङबासीको उत्थानका लागि विविध लक्षित कार्यक्रमका लागि रु. २६,५०,०००/- बजेट विनियोजन गरेको छ। “२० वर्ष पारि विहेवारी” नारा सहित यस पालिका अन्तर्गत माध्यामिक शिक्षा (कक्षा १२) उतिर्ण गरि २० वर्ष पुरा गरि विवाह गरिने चेलीको परिवारलाई धन्यावाद स्वरुप प्रति परिवार १० हजार सहयोग कार्यक्रम निरन्तरता गरिनेछ।समग्रमा सामाजिक विकास क्षेत्र तर्फ रु. २०,२४,३३,०००/- विनियोजन गऔरेको छ।

**आर्थिक विकास क्षेत्र तर्फः-**

व्यवसायिक कृषि तथा पशुपालनको लागि विभिन्न पकेट निर्धारण र विकासको कार्यक्रममा निरन्तरता दिएको छ। तरकारी विकास कार्यक्रम, बाख्रा प्रवर्द्धन कार्यक्रम र फलफुल प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छ। यसका लागि रु. १९,४१,०००/- विनियोजन गरेको छ। पशुक्षेत्रको विकास र इपिडेमियोलोजिकल रिपोर्टिङ्गका लागि रु.३५,१२,०००/- विनियोजन गरेको छ।उन्नत नक्ष्ला सुधार गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिएको छ।

समग्रमा कृषि तथा पशुपंक्षी विकासको लागि रु. ५४,५३,०००/- रुपैयाँ विनियोजन गरेको छ।

म्यागङको पहिचानको आधार बनाउन सकिने पर्यटन क्षेत्रको आवश्यक विकास र प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छ।यस पालिका भित्र रहेको सहकारीहरुको नियमन तथा स्थायीत्वका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

समग्रमा आर्थिक विकास क्षेत्रको लागि रु. ५,२९,०६,०००/- रुपैयाँ विनियोजन गरेको छ।

**पूर्वाधार विकास क्षेत्र तर्फः-**

संघ तथा प्रदेशबाट छनौट भएका समपूरक तर्फका आयोजनाहरु कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु। सबै वडाका सन्तुलित विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

समग्रमा पूर्वाधार विकास क्षेत्र तर्फ रु. ११,९५,००,०००/- विनियोजन गरेको छु।

**बन तथा बातावरण क्षेत्र तर्फः-**

स्वच्छ वातावरण र हरियाली वृद्धि मार्फत म्यागङको सुन्दरता बढाउने र विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी बनाउनको लागी बजेट बिनियोजन गरेको छु ।

समग्रममा बन बाताबरण तथा बिपद वेव्सथापनको लागी रु ४०,००,०००/- बिनियोजन गरेको छ ।

**सुशासन तथा अन्तर सम्बन्धी क्षेत्र तर्फः-**

म्यागङ गाउँपालिकाको सेवा प्रवाहलाई परदार्शि, जवाफदेहि, सहभागितामुलक र गुणस्तरीय बनाई सबै म्यागङ बासीको पहुँचमा हुने गरी सुशासन कायम गर्नेको व्यवस्था मिलाएको छु। जेठ नागरिक, दलित, फरक क्षमता भएका नागरिक, आमा बाबुविहिन बालबालिका, दलित बालबालिका र आशय, एकल महिलाहरुको संरक्षण तथा मर्यादित जिवनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। बेरोजगारका जनशाक्तिका लागि विविध तालिमको व्यवस्था तथा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत र पालिका कै स्वरोजगार कार्यक्रमबाट क्रमिक रुपमा रोजगारका लागि बजेट सुनिश्चित गरेको छु।

समग्रमा सुशासन तथा अन्तर सम्बन्धी क्षेत्रको लागि रु. ८८,५४,०००/- विनियोजन गरेको छु।

**कार्यालय संचालन तथा प्रशासनीक क्षेत्र तर्फः-**

यस गाउँपालिकाको कार्यपालिका कार्यालय, सबै वडा कार्यालयहरु संचालन, व्यवस्थापनका लागि समग्रमा रु. ८,३१,६७,८७४/- विनियोजन गरेको छु।

यसरी कुल व्यय तर्फ रु. ४२,११,६३,०५१/- विनियोजन गरेको छु।

**धन्यवाद!**